

के तपाईलाई थाहा छ ?

- ऐतिहासिक विवरण हेर्दा एशियाली हात्ती पश्चिममा इराक र पूर्वमा उत्तरी चिन सम्म फैलिएको थियो । हाल आएर वर्तमान अवस्थामा भने एशियाली हात्ती एसियको १३ वटा देशमा पाइन्छ ।
- हात्ती सबै भन्दा ठूलो स्थलीय स्तनधारी जनावर हो । एशियाली हात्तीको औसत तौल ५ टन हुन्छ भने औसत उचाई ८ फिट हुन्छ ।
- हिन्दु धर्ममा एसियाली हात्तीलाई गणेश भगवानको रुपमा पूजा आराधना गरिन्छ ।

## वैशाख २०७७ — April/May 2020

| Sunday आइतबार | Monday सोमबार | Tuesday मंगलबार | Wednesday बुधबार | Thursday बिहीबार | Friday शुक्रबार | Saturday शनिबार |
|---|---|---|---|---|---|---|
| | नयाँ वर्ष १ (13) षष्ठी | २ (14) सप्तमी | ३ (15) अष्टमी | ४ (16) नवमी | ५ (17) दशमी | ६ (18) वरुथिनी एकादशी |
| ७ (19) द्वादशी | ८ (20) त्रयोदशी | ९ (21) चतुर्दशी | मातातीर्थ औंशी १० (22) चतुर्दशी/औंशी | ११ (23) औंशी | १२ (24) प्रतिपदा | १३ (25) द्वितीया |
| १४ (26) तृतीया | १५ (27) चतुर्थी | १६ (28) पञ्चमी | १७ (29) षष्ठी | १८ (30) सप्तमी | श्रमिक दिवस १९ (1) अष्टमी | २० (2) नवमी/दशमी |
| २१ (3) एकादशी | २२ (4) मोहिनी एकादशी/द्वादशी | २३ (5) त्रयोदशी | २४ (6) चतुर्दशी | बुद्धजयन्ती उभौली पर्व २५ (7) पूर्णिमा | २६ (8) प्रतिपदा | २७ (9) द्वितीया |
| २८ (10) तृतीया | २९ (11) चतुर्थी | ३० (12) पञ्चमी | ३१ (13) षष्ठी | विवाह मुहुर्त : १३, १४, १९, २०, २२, २३ र २५ गते व्रतबन्ध मुहुर्त : २१ र २२ गते | | |

## जेठ २०७७ — May/June 2020

| Sunday आइतबार | Monday सोमबार | Tuesday मंगलबार | Wednesday बुधबार | Thursday बिहीबार | Friday शुक्रबार | Saturday शनिबार |
|---|---|---|---|---|---|---|
| ३२ (14) नवमी | विवाह मुहुर्त : ४, ५, १० र ३१ गते व्रतबन्ध मुहुर्त : १२ गते | | | १ (14) सप्तमी | २ (15) अष्टमी | ३ (16) नवमी |
| ४ (17) दशमी | ५ (18) अपरा एकादशी | ६ (19) द्वादशी | ७ (20) त्रयोदशी | ८ (21) चतुर्दशी | ९ (22) औंशी | १० (23) प्रतिपदा |
| ११ (24) द्वितीया | १२ (25) तृतीया | १३ (26) चतुर्थी | १४ (27) पञ्चमी | गणतन्त्र दिवस १५ (28) षष्ठी | १६ (29) सप्तमी | १७ (30) अष्टमी |
| १८ (31) नवमी | १९ (1) दशमी | २० (2) निर्जला एकादशी | २१ (3) द्वादशी | २२ (4) त्रयोदशी/चतुर्दशी | २३ (5) पूर्णिमा | २४ (6) प्रतिपदा |
| २५ (7) द्वितीया | २६ (8) तृतीया | २७ (9) चतुर्थी | २८ (10) पञ्चमी | २९ (11) षष्ठी | ३० (12) सप्तमी | ३१ (13) अष्टमी |

The Rufford Foundation
www.rufford.org @ruffordgrants

*This education material is prepared under The Rufford Foundation funded research project entitled "Landscape level modelling of Asian Elephant (Elephas maximus) habitat, home range and human elephant interactions in Terai Arc Lanscape (TAL) Nepal*

PARSA NATIONAL PARK
पर्सा राष्ट्रिय निकुञ्ज २०४१

## हात्तीले आक्रमण गर्ने अवस्था

- एक्लो वयस्क हात्ती वा २-३ वटा भाले हात्ती मिलेको समूह अलिक बढि आक्रमिक हुने गर्दछ ।
- प्रजनन क्षमताले उन्मुक्त भएको भालेलाई "मस्त" भनिन्छ र सो "मस्त" को समयमा हात्ती आक्रामक हुने गर्दछ ।
- सानो बच्चा साथमा भएको अवस्थामा ।
- जम्काभेट भएमा वा अचानक हात्तीको नजिक पुगेको अवस्थामा ।
- चरिरहेको बेला जिस्काए वा होहल्ला गरेमा ।
- खेती खान आउँदा धपाएको बेला रिसाएर आक्रमण गर्न सक्छ । आगोको अगुल्टो वा कुनै बस्तुले हानेको भए त्यस्तो वस्तु देख्नासाथ हात्तीले आक्रमण गर्न सक्छ ।
- आफ्नो बच्च हराएमा वा मरेको अवस्थामा ।
- मात लागेको अवस्थामा ।
- ईख राखेको अवस्थामा । जिस्काउने वा लखेट्ने मान्छेको आवाज चिन्यो भने धेरै पछि सम्म पनि आक्रमण गर्न सक्छ ।

## हात्तीसँगको सहअस्तित्व कसरी ???

- हात्तीको अवस्था बारे जानकारी राख्ने । हात्तीको नजिक नजाने र हात्ती गाँउघरमा आएको बेला आफू सुरक्षित स्थानमा जाने ।
- हात्तीसँग जम्काभेट भएमा आफुसँग भएको सामान (टोपी, लुगा, झोला, चप्पल आदी) फ्याँक्ने र बेतोडसँग बाँगोटिगो गर्दै दौडिने वा ढुङ्ग्यान बगरतिर भाग्ने ।
- हात्तीले खानेकुराको लोभले घरभित्र आक्रमण गर्ने हुँदा सुत्ने ठाँउमा खानेकुरा नराख्ने ।
- जाँड रक्सी जस्ता गन्ध आउने खानेकुरा घरमा नराख्ने । हात्ती आएको बेला मदिरा सेवन गरी हात्तीको नजिक नपर्ने ।
- जंगल जाँदा जाँडरक्सी नखाने। यसको गन्धले हात्तीलाई आकर्षित गर्दछ ।
- चम्किलो लुगा लगाएर जंगल नजाने ।
- हात्तीलाई लखेट्दा चारै तिर बाट घेरा नहाल्ने । आगो वा राँको बालेर तर्साउन सकिन्छ ।
- हात्तीले छोटोले दुरीसम्म मात्र लखेट्छ, लखेट्दै पछिपछि आउँदैन । हात्तीले लखेटेको खण्डमा अलि छड्के परेर ओरालो तिर, दलदल जमिन वा हिलो तिर भाग्ने, ढलेको ठुलो रुखको मुनिबाट भाग्ने, पुलपुलेसा तरेर भाग्ने, हावाको विपरित दिशातिर भाग्ने ।
- जंगल जाँदा हात्तीको ताजा पाइला वा दिशा याद गर्ने, सतर्क रहने र हात्ती भएको गएको दिशातर्फ नजाने । साथै रुख भाँचेको, सुंड बजारेको वा घुरेको पनि सुन्न सकिन्छ । यस्तो आवाज सुनेमा सतर्क हुने ।

## नेपालमा हात्ती संरक्षणको प्रयास

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभाग मार्फत तराईका ६ वटा राष्ट्रिय निकुञ्ज तथा आरक्षहरु र तराई तथा भित्री मधेशका २२ वटा जिल्ला मार्फत जंगली हात्तीको संरक्षणको प्रयास गर्दै आएको छ । तथापी वन जङ्गल विनास र विखण्डनले मानव हात्ती द्वन्द्व दिनानुदिन बढ्दै गएको छ । वर्षेनी १५/२० जनाको हात्तीको आक्रमणमा परि ज्यान जाने गरेको छ भने वर्षेनी ३/५ को संख्यामा प्रतिशोधमा (Retaliatory killing) हात्तीको ज्यान जाने गरेको पाइएको छ । त्यसै गरि उदयपुर जिल्लामा एक वाट भाले हात्तीलाई मारी दाह्रा चोरी लगेको पाइएको छ जसले गर्दा नेपालमा पनि हात्तीको चोरी शिकारी बढ्ने सम्भावना रहेको छ । हात्ती संरक्षणको लागि नेपाल सरकारले अर्न्तराष्ट्रिय सन्धिहरु जस्तै Convention on Biological Diversity (CBD), 1992; Convention of International Trade on Endangered Flora and Fauna (CITIES), 1973 लगायतका सन्धि सम्झौता गरि राष्ट्रिय रुपमा विभिन्न कानूनहरु बनाई कार्यान्यवन गर्दै आएको छ ।

हात्ती राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनद्धारा संरक्षित जनावर हो । CITES को अनुसुची-१ मा सुचिकृत भएकाले हात्ती तथा यसका ओखेटोपहारको व्यापारमा पुर्ण प्रतिबन्ध गरिएको छ । IUCN को खतराको सुची अन्तर्गत हात्ती सङ्कटापन्न जनावर हो । त्यसैगरि नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत हात्ती संरक्षित जीव हो । यस ऐन अन्तर्गत जंगली हात्ती मार्ने, घाइते बनाउने तथा ओखेटोपहार राख्ने, खरिद गर्ने वा विक्रि गर्ने व्यक्तिलाई पचास हजार देखी एक लाख रुपैयासम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ । हात्तीले आक्रमण गरि घाइते बनाएको वा मृत्यु भएको अवस्थामा, घर गोठ भत्काएमा, धनजनको क्षति गरेमा, भण्डारण गरेको अन्न खाएमा वा बालीनाली नोक्सान गरेमा राहत निर्देशिका, २०६९ र त्यसको संशोधन, २०७१ अनुसार राहतको समेत व्यवस्था गरिएको छ ।



*This education material is prepared under The Rufford Foundation funded research project entitled "Landscape level modelling of Asian Elephant (Elephas maximus) habitat, home range and human elephant interactions in Terai Arc Lanscape (TAL) Nepal." (January, 2020)*

# एसियाली हात्ती
# (Asian Elephant)
**(वैज्ञानिक नाम: *Elephas maximus*)**



The Rufford Foundation
www.rufford.org @ruffordgrants

PARSA NATIONAL PARK
पर्सा राष्ट्रिय निकुञ्ज
२०४१

## सामान्य परिचय

हात्ती सबैभन्दा ठूलो थलचर प्राणी हो । विश्वमा पाइने दुई प्रजाति– एसियाली र अफ्रिकी– मध्ये एसियाली हात्ती आकारमा अलि सानो हुन्छ । एसियाली हात्ती नेपाल लगायत भारत, भुटान, बंगलादेश, चीन, म्यानमार, थाइल्याण्ड, इण्डोनेसिया, लाओस, भियतनाम, कम्बोडिया, मलेसिया र श्रीलकां गरि एसियाको १३ देशमा करिब ५० हजार र घरपालुवा अवस्थामा १५ हजारको संख्यामा पाइन्छ । नेपालमा तराई तथा चुरे क्षेत्रमा १०७-१४५ आवासिय हात्ती विभिन्न ४ वटा ठाँउमा विभाजित रहि विचरण गर्ने पाइएको छ । यस बाहेक नेपालमा १३०-१४५ प्रवासिय र लगभग २१५ वटा घरपालुवा हात्ती रहेको छ ।

नेपालमा "Elephas maximus indicus" भन्ने उपप्रजातिको एसियाली हात्ती पाइन्छ । यसको टाउको ठुलो, कान ठुलो र आँखा साना हुन्छ । हात्तीको सुँड अत्यन्तै संवेनशिल हुन्छ र सो सुँडको टुप्पोमा एउटा औंला आकारको भाग हुन्छ । हात्तीले सुँड बहुउपयोगी काममा जस्तै सास फेर्न, खाने कुरा समात्न, पानी तान्न, भावना महशुस गर्न, रुखको बोक्रा फाल्न, वजनदार सामान उचाल्न जस्ता कामका लागि प्रयोग गर्दछ । यसले अति सुक्ष्म चिजदेखी ठुला तथा गह्रौ चिजहरु समेत उठाउन सक्छ । भाले हात्तीमा बाहिर निस्केका दुइवटा लामा दाह्रा हुन्छ भने पोथी हात्तीको दाह्रा हुदैन र भैहालेपनि सानो र मसिनो हुन्छ । हात्तीको दाह्रा १.५ देखि १.८ मीटरसम्म लामो हुन्छ । एसियाली हात्तीको शरीरमा पातलो रौं सहितको हल्का खुम्चिएको छाला हुन्छ । यस हात्तीको अगाडिको खुट्टामा ५ वटा नङ्ग हुन्छन् र पृष्ठभागको खुट्टामा ४ वटा नङ्ग हुन्छन् । हात्तीको देख्ने शक्ति कमजोर भएतापनि सुँघ्ने र सुन्ने शक्ति अति राम्रो हुन्छ ।

एसियाली हात्तीको प्रजनन क्षमता १४ वर्षदेखि सुरु हुन्छ र ३-५ वर्षको जन्मातरमा १ पटकमा १ वटा बच्चा जन्माउँदछ (कहिलेकाँही २ वटा जन्माएको रेकर्ड पनि भेटिएको छ) ।




## मुख्य विषेशता

| | |
|---|---|
| औसत उचाई | ८ फिट (२.४३ मिटर) |
| औसत तौल | २.२५ देखि ५.५ टन |
| औसत आयु | ६० वर्ष |
| गर्भधारण गर्ने उमेर | १४-५० वर्ष |
| गर्भधारण समय | २०-२२ महिना |
| बच्चा हात्तीको तौल | ८०-१०० के.जी. |



## स्वभाव

हात्तीको बौद्धिक अवस्था धेरै नै विकसित भएको हुन्छ जुन मानवमा, ओराङउटाङ जस्ता बाँदर र डल्फिन प्राणीमा देखिने गुण हो । हात्ती एक सामाजिक, करुणाभाव, एवं बुद्धिजीवी प्राणी हो । यसले सद्भाव, परोपकार भावना, आत्म सजकता तथा विभिन्न किसिमका औजारहरु प्रयोग गर्न सिक्ने जस्ता व्यवहार देखाउँदछ । यो सामाजिक प्राणी भएकोले जंगलमा प्रायः समुहमा बस्ने गर्छ । सामान्यतया एउटा समुहमा पोथी हात्ती, भाले हात्ती र छावा हन्छन् र सो समुहको नेतृत्व अनुभवी ठुलो पोथी हात्तीले गर्दछ । साना बच्चाको हेरचाह गर्न समुहका अन्य पोथीले पनि मद्दत गर्छन् । हात्ती समुहमा बस्ने भएतानि भाले हात्ती वयस्क भए पछि समुह छोड्दछ - जुन प्रकृतिको बिउ छर्ने उपाय पनि हो । समूह छोडे पछि एक्लै वा २-४ भाले समूह बनाएर बस्छन् र यस्तै समुह वा परिवारसँग छुटिएका भाले हात्तीहरु समय समयमा समस्याग्रस्त भई वाली नालीको क्षति गर्ने तथा मानविय क्षतिसम्मका घटनाहरुमा सामेल भएको पाइन्छ।

## वासस्थान र आहार

समान्यतया हात्तीले घना जंगल, झाडी, अग्ला घाँसे मैदान तथा प्रशस्त पानी भएको क्षेत्रलाई बासस्थानको रुपमा प्रयोग गर्दछ तर एक वास स्थान वाट अर्को वासस्थान जाने क्रममा गाउँ, खेती, खोला तथा शहरका बाटो पनि प्रयोग गर्ने गरेका छन् । ठुलो शरिर भएको जनावर हुनाले यसलाई प्रशस्त खाना र पानीको आवश्यकता पर्दछ । हात्तीले बाँस, नर्कट, बरुवा, सिरुजस्ता घाँस र वर, पिपल, गजहर, डुम्री जस्ता बोटविरुवाका साथै विभिन्न जातका रुखका बोक्राहरु खाने गर्दछ । यसले उखु र केरा पनि ज्यादै मन पराउँछ र घरमा भण्डार गरेको खाने कुरा जस्तै धान, चामल, मकै र घरमै बनाएको जाँड रक्सी खाने गरेको पाइएको छ । एउटा वयस्क हात्तीले एक दिनमा १८० केजी देखि २४० केजीसम्म हरियो घाँसपात खाने गर्दछ भने एकपटकमा करीब १०० लिटर र दिनमा २२५ लिटर पानी पिउने गर्दछन् । ठुलो शरिर र पाचनशक्ति कमजोर हुने हुनाले नियमित रुपमा खाइरहनु पर्दछ जसका लागि यसले ७०-८० प्रतिशत समय खर्चिन्छन् । हात्ती crepuscular जनावर हो जसको मतलब हात्ती बिहान र साँझमा बढि सक्रिय हुने, राती चर्ने तथा दिउँसो झाडी अथवा शितल ठाउँमा सुत्ने वा आराम गर्ने गर्दछ । गर्मीको समयमा हात्तीले सुँडले हिलो र पानी आफ्नो शरिरभरि छ्याप्ने र कान हल्लाएर तापक्रम सन्तुलन गर्ने गर्छ । साथै यसले ठुलो पोखरी, खोला वा नदीमा आनन्द मानेर नुहाउने गर्दछ । ठुला नदीहरुमा हात्तीले सजिलै पौडन सक्छ । हात्तीहरु बर्षैभरि एकै ठाउँमा बसिरहँदैनन् । यिनिहरु मौसमअनुसार नेपाल भित्र र सँगै सिमाना जोडिएका भारतका जंगलहरुमा समेत ओहोर दोहोर गर्ने गरेको पाइन्छ । नेपालमा झापा जिल्ला बाट कोशी हुदै सिन्धुली सम्म र सिन्धुली बाट माइको सिरान हुदै खयरखोलाबाट महोत्तरी झर्ने गरेको पाइएको छ भने सर्लाही पश्चात् पर्सा चितवनको हात्तीहरुसँग मिसिने पनि गरेको छ । त्यसैगरि पश्चिम तर्फ बाँके वर्दिया कम्पलेक्सको हात्तीहरु शुक्लाफाटा राष्ट्रिय निकुञ्जसम्म पनि ओहोरदोहोर गर्ने गरेका छन् ।

## हात्ती संरक्षणको महत्व

- हात्तीलाई पर्यावरण इन्जिनियर "ecosystem engineers" रुपमा पनि चिनिने गर्दछ । यसले जैविक विविधता र परिस्थितिकिय प्रणाली जोगाउने र सन्तुलन राख्नमा मद्दत गर्दछ ।
- हात्तीले आफ्नो लिदँ द्वारा रुख विरुवाको बिउ चारैतिर छर्ने काम गर्दछन् । सो लिदँ अरु सुक्ष्म जीवले खानेकुराको श्रोतको रुपमा समेत प्रयोग गर्दछ ।
- हात्ती छाता जीव हो र यसले जङ्गललाई परिवर्तन गरी ससाना जीवहरुका लागि वासस्थान बनाउँछ । हात्तीले खाडल बनाएको ठाँउ उभयचरहरुको लागि बस्ने ठाँउ वा भाँचेको रुखहरु चराहरुले बस्ने ठाँउको लागि प्रयोग गर्न सक्दछन् ।
- हिन्दु धर्ममा हात्तीलाई गणेश भगवान भनि पुजिने हुने यसले सांस्कृतिक महत्व पनि बाकेको छ ।
- हात्तीलाई हेर्न भनि राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटक आउने हुदाँ समुदायमा जिविकोपार्जन तथा देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सहयोग गर्दछ।